**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३० मई २०२५**
**समयः १८:५० - १९:०० बजे**

**<u>मुख्य समाचार</u>**

- जीटीए हेडमास्टर एसोसिएसन ,संयुक्त माध्यमिक शिक्षक सङ्गठन,जीटीए शिक्षा विभागलाई लिएर माध्यमिक शिक्षा बिभागको एउटा महत्वपूर्ण सभा लालकोठीमा सम्पन्न भएको छ ।
- सिलिगुडीको नाईट क्लबहरुलाई मध्य राती देखि बन्द राख्ने प्रस्ताव सिलिगुडीका मेयर गौतम देवले राज्य सरकार लाई दिनु भएको छ I
- उत्तर सिक्किम मा  भएको भीषण वाहन दुर्घटनामा १ जनालाई उद्धार गरिएको छ भने एक पर्यटकको मृत्यु अनि ९ जना अझै बेपत्ता छन्।
- गोर्खा बेरोजगार प्राथमिक प्रशिक्षित शिक्षक संगठन, युवा कल्याण संगठन, तथा जस्टीस फर सुदन गुरुङको तत्वधानमा आज दार्जिलिङमा विशेष सभा आयोजित गरियो।
- भारतीय मौसम विभागले आगामी सात दिन देशको पूर्वोत्तर भागहरूमा हल्कादेखि भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

**<u>शिक्षक भर्तीको आन्दोलन</u>**

एसएससी नियुक्ति घोटालाको विरूद्ध आन्दोलन गरिरहेका नौकरीबाट वञ्चित शिक्षकहरूलाई शुक्रवार कोलकाता पुलिसले पक्राउ गरेको छ, जब उनीहरू सियालदहबाट नवान्न तर्फ अर्धनग्न मार्च शुरू गर्ने योजना बनाइरहेका थिए। मार्च शुरू हुन भन्दा अघिनै सियालदहमा भारी संख्यामा तैनात पुलिसले माइकिंङ गरेर स्पष्ट गर्दै कुनै प्रकारको भीड़लाई अनुमति नदिइने अनि कानून उल्लंघन गरे कडा कार्रवाई गरिने चेतावनी दिएको थियो।पुलिसले एक पछि अर्को गर्दै शिक्षकहरूलाई प्रिजन भेनमा भर्नु शुरू गरेर मार्चलाई शुरू हुनभन्दा अघि नै विफल गरिदियो। आंदोलनकारीहरूले यस कार्रवाई उनीहरूको शान्तिपूर्ण विरोधको अधिकारलाई कुल्चने कोसिस भएको आरोप लगाएको छ।आन्दोलनकारी शिक्षकहरूले मार्च रोकेपछि प्रतिक्रियामा आज नै डोरिना क्रॉसिंगमा सड़क अवरूद्ध गर्ने घोषणा गरेको थियो। यसको सूचना पाउन साथ धर्मतला क्षेत्रमा पहिलेबाटै तैनाथ पुलिसले त्यहाँ पुगेका प्रदर्शनकारीहरूलाई पनि हिरासत लिन शुरू गऱ्यो। पुलिसमाथि बल प्रयोग गरेको आरोप लगाउँदै शिक्षिका शुभ्रा घोषले आफूलाई जबरजस्ती तानेर लडाएको जसको कारण खुट्टामा चोट लागेको आरोप लगाएकी छन्।कोलकाता पुलिसकी डीसी सेन्ट्रल इंदिरा मुखर्जीले “डोरिना क्रॉसिंग अनि केसी दासको अघिको क्षेत्र अत्यन्तै संवेदनशील रहेको अनि यहाँ कुनैपनि प्रकारको जुलूसको पूर्व जानकारी या अनुमति नभएको बताउनुभयो। अचानक भीड़ जमा हुन थालेको, जसले गर्दा कानूनको अनुसार कार्रवाई गरिएको बताउनुभयो।” उहाँले डोरिना क्रॉसिंगबाट लगभग 50 जनालाई हिरासतमा लिइएको अनि विभिन्न थानाहरूमा पठाइएको बताउनुभयो।तथापि आजको कार्रवाईबाट शिक्षकहरूको प्रदर्शन बाधित भएको छ तर आन्दोलनकारीहरूले आफूहरू पछि नहट्ने स्पष्ट बताएको छ।

## जीटीए हेडमास्टर एसोसिएसन

जीटीए हेडमास्टर एसोसिएसन ,संयुक्त माध्यमिक शिक्षक सङ्गठन,जीटीए शिक्षा विभाग लगायत बिभागीय अधिकारीहरूलाई लिएर माध्यमिक शिक्षा बिभागको एउटा महत्वपूर्ण सभा आज लालकोठीमा सम्पन्न भएको छ । विगत केही दिन अघि दुइवटा शिक्षक सङ्गठनले जीटीए प्रमुख कार्यपाल अनित थापालाई एउटा स्मारक पात्र बुझाएका थिए।सोही अनुरूप थापाकै निर्देशनमा आज सभा सम्पन्न गरिएको जीटीए डेपुटी चिफ राजेश चौहानले बताएका छन् । शिक्षकहरूको निम्ति ओरियन्टेसन कार्यक्रम आयोजना गर्न पर्ने विषयलाई लिएर केन्द्रित सभामा आगामी 23 जूनको दिन इ पेन्सन विषय प्रशिक्षण शिविर राखिने चौहान ले जनाएका छन्। आजको सभामा जीटीए माध्यमिक शिक्षा बिभागका भारप्राप्त सभासद सञ्चबिर सुब्बा,कार्यकारी निर्देशक शिक्षा बिभाग जीटीए , शिक्षा बिभागका अधिकार आदिको पनि उपस्तिथि रहेको थियो।

## सिलीगुड़ी रात्रि क्लब

सिलीगुड़ी महानगर निगमले सिलगड़ीमा राति चल्ने नाइट क्लबहरूलाई मध्य रात्रि पछि अनिवार्य रूपमा बन्द राख्ने तथा ती नाईट क्लबहरूको वरिपरी रहेका दोकानहरूलाई राति साढ़े दस बजी पछि बन्द राख्नु पर्ने प्रस्ताव राज्य सरकारलाई दिएको छ। संवाददाता सम्मेलनलाई सम्बोधित गर्दै महानगर निगमका मेयर गौतम देवले भन्नु भयो- सिलीगुड़ी छिमेकी देशहरूको सीमा सित जुड़ेको शहर हो। यसैले रातभरी नाईट क्लबहरू चल्नाले कतिपय समस्याहरू देखिन्छ तथा सुरक्षा व्यवस्थालाई पनि खतरामा पार्दछ। यसैले नगरनिगले एउटा प्रस्ताव पारित गरी राज्य सरकारसित नाईट क्लबहरू मध्य रात्रि पछि पूर्ण रूपमा बन्द राख्नु पर्ने तथा आबकारी विभागसित परामर्श गरी रात्रि साढ़े दस बजी पछि सबै रक्सी दोकानहरूलाई बन्द राख्नुपर्ने प्रस्ताव राज्य सरकारलाई पठाएको श्री देवले बताउनुभयो। श्री देवले नाइट क्लबको संस्कृतिले युवाहरूलाई भ्रमित गरिरहेको तथा साधारण मानिसहरूले यसलाई मन नपराएको पनि उल्लेख गर्नुभयो। सिलगड़ी महानगरको विकास संबधित अन्य प्रस्तावहरू पनि राज्य सरकारलाई पठाईएको उहाँले बताउनुभयो।

## गोर्खा बेरोजगार प्राथमिक

गोर्खा बेरोजगार प्राथमिक प्रशिक्षित शिक्षक संगठन, युवा कल्याण संगठन, तथा जस्टीस फर सुदन गुरुङको तत्वधानमा आज दार्जिलिङमा विशेष सभा आयोजित गरियो। यो सभा सामाजिक कार्यकर्ता सुदन गुरुङमाथि भएको आक्रमणको विरोध तथा पहाडमा भ्रष्टाचारविरोधी आवाजको संरक्षणका लागि गरिएको बिक्रम आदि राईले बताए ।पहाडमा लोकतन्त्रको वास्तविक अवस्था र भ्रष्टाचारको प्रभावबारे प्रश्न उठाउँदै सुदन गुरुङलाई न्याय दिलाउने अभियानलाई सशक्त बनाउने प्रतिबद्धता राईले व्यक्त गरे। सभामा कोलकाता बाट आएका वरिष्ठ अधिवक्ता बिकास रञ्जन भट्टाचार्य र समिम अहमद प्रमुख रूपमा उपस्थित थिए। वक्ताहरूले लोकतान्त्रिक व्यवस्था भित्र सामाजिक कार्यकर्ताहरूलाई निशाना बनाइनु दुःखद पक्ष भएको उल्लेख गर्दै निष्पक्ष छानबिनको माग गरे। आक्रमणबाट बाँचेका सुदन गुरुङले ‘मैले नयाँ जीवन पाए, अब पहाडमा भ्रष्टाचारको जरा उखेलेरै फ्याक्छु’ भन्दै पहाडमा शिक्षक नियुक्तिमा भएको भ्रष्टाचारको कडा विरोध गर्ने संकल्प व्यक्त गरे। सुदन गुरुङलाई गत 8 मई को दिन दार्जीलिङमा आक्रमण गरिएको थियो भने यस घटना संग संलग्न 2 जना आरोपीलाई पुलिसले पक्राउ गरिसकेको छ।

## उत्तर सिक्किम वाहन दुर्घटना

उत्तर सिक्किमको चुङथाङ र मुन्सिथाङको बीचमा भएको भीषण वाहन दुर्घटनामा एक पर्यटकको मृत्यु भएको छ भने ९ जना अझै बेपत्ता छन्। बिहीबार राति लगभग ९ बजे पर्यटक भएका एउटा वाहन १००० फिट तल टिस्टा नदीमा खसेको थियो। गाडीमा ११ जना यात्रीहरू थिए जसमा कोलकाता र ओडिशाबाट आएका १० पर्यटक तथा १ चालक रहेको थियो । दुर्घटनापछि ITBP, सिक्किम पुलिस र स्थानीयहरुले उद्धार कार्य सुरु गरेका थिए। २ जनालाई उद्धार गरिएको थियो भने जसमा एकको मृत्यु भएको छ भने अर्को अस्पतालमा उपचरणाधिन अवस्थामा छन्। दुर्घटनास्थल दुर्गम स्थानमा भएकाले खोजी तथा उद्धार कार्यमा बाधा पुग्दैछ भने बेपत्ताहरूको खोजी गर्न ड्रोन तथा आधुनिक प्रविधि प्रयोग गरिएको बताएको छ।

**साउथफिल्ड कलेजको मुस्कान छात्रवृत्ति श्रुति राईलाई**

'मुस्कान' कल्याण संस्था, साउथफिल्ड कलेजद्वारा प्रदान गरिने छात्रवृत्ति सुश्री श्रुति राईलाई प्रदान गरियो। मुस्कान छात्रवृत्ति साउथफिल्ड कलेजको कल्याणकारी संस्था मुस्कानले वार्षिक रूपमा कलेजका मेधावी स्नातकोत्तर विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिन्छ। यस वर्ष अंग्रेजी विभागकी चौथो सेमेस्टरकी स्नातकोत्तर विद्यार्थी श्रुति राईलाई यो छात्रवृत्ति प्रदान गरिएको हो। प्रा विनोद प्रधानद्वारा सञ्चालित एक समारोहमा मुस्कान संस्थाकी सचिव डा. सुजाता बराइली, कलेजका प्राचार्य डा. अनुराधा राई, मुस्कानका कार्यकारी सदस्यहरूको उपस्थिति लगायत शिक्षकगणहरुको उपस्तिथी बीच श्रुति राईलाई प्रमाणपत्र र ₹१२,००० को चेक प्रदान गरियो। समारोहमा प्राचार्य डा अनुराधा राईद्वारा श्रुति राईका अभिभावकहरूलाई पनि सम्मान जनाए। मुस्कान कल्याण संस्था विभिन्न सामाजिक सेवाका पहलहरू मार्फत विपन्न विद्यार्थीहरूलाई सहयोग गर्न प्रतिबद्ध छ र कलेजका विद्यार्थीहरूको लागि राम्रो स्वास्थ्य सेवा सुविधाहरूको निम्ति पनि प्रतिबद्ध छ। यस संस्थाका सबै गतिविधिहरू कलेजका शिक्षक सदस्यहरूद्वारा गरिएको स्वैच्छिक आर्थिक योगदान मार्फत पूर्ण गर्छन्।

**ओकेटी रिलिफ कमिटि गठन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा सियोक गोपालधारा ओकेटी समष्टिले विभिन्न बुथ कमिटिबाट प्रतिनिधिहरू लिएर रिलिफ कमिटि गठन गर्न एउटा सभा सम्पन्न गर्यो । बर्खाको याम शुरू भइसकेकोले गाउँ बस्तीमा हुनसक्ने विभिन्न प्राकृतिक आपदासित जुझ्न समिति गठन गरिएको समष्टि अध्यक्ष समीर राईले जानकारी गराएका छन । कुनै पनि प्राकृतिक आपदाको समय समितिले उद्धार कार्यमा सहयोग पुराउने साथै समष्टि क्षेत्रमा विकाशको कार्यमा पनि सहयोग पुराउने उद्देश्य समिति गठन पछि रहेको उनले थप बताएका छन् । आगामी विश्व पर्यवरण दिवसलाई पालन गर्दै रूख अनि फूलका बिरुवा रोप्ने पनि यस सभाले निर्णय लिएको बताएको छ। भागोप्रमो मिरिक महकुमा अध्यक्ष एंव जीटीएका सभासद धुर्ब बम्जनको अध्यक्षतामा सम्पन्न यस सभामा साँगठनिक गतिविधि ,विश्व पर्यवरण दिवस,प्राकृतिक आपदा लगायत समष्टि क्षेत्रमा भइरहेका विकास कार्यबारे व्यापक चर्चा परिचर्चा गरिएको छ ।

**नेपालमा विमोचन**

नेपालको पशुपति नगरमा रहेर साहित्यको सेवा गरिरहेकी कविता राई गाँउले को पहिलो कविता संग्रह 'फाटकमा घाम'को बिमोचन भोलि फिक्कलको सुर्योदय नगरपालिकाको नगर सभाहलमा हुने भएको छ। भारतीय नेपाली साहित्यलाई नेपालतिर जोड्ने पुलको रुपमा कार्य गरिरहेकी कविता राई गाउँलेको यो पहिलो कृति हो। कविताहरुमा आफूले हालको सामाजिक, राजनीतिक बिसंगतिहरुलई केन्द्र बनाएको कवि राईले बताउनु भएको छ। बिमोचन कार्यक्रममा नेपाल लगायत दार्जिलिङ पहाडका कवि साहित्यकारहरुको व्यापक उपस्थिति रहने थाहा लागेको छ।

**मौसम विभाग**

भारतीय मौसम विभागले आगामी सात दिन देशको पूर्वोत्तर भागहरूमा हल्कादेखि भारी वर्षा हुने पूर्वानुमान गरेको छ। मौसम विभागले पश्चिम बंगालको गांगेय, बिहार, ओडिशा, तमिलनाडु, पुडुचेरी, कराइकल, तटीय कर्नाटक, केरला र माहेका अलग-अलग स्थानहरूमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ। मौसम विभागले आगामी दुई दिन केरला, माहे अनि कर्नाटकमा मेघ गर्जन, बिजुली र तेज हावासहित हल्कादेखि भारी वर्षा हुने आशङ्का गरेको छ। मौसम विभागका अनुसार भोलिसम्म पश्चिमी राजस्थानका अलग-अलग क्षेत्रहरूमा लू चल्ने सम्भावना छ।